# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, भदौ २३ गते २०६१ साल (अतिरिक्ताङ्क २४ (ख))

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा गणतन्त्र भारतका प्रधानमन्त्री डा. श्री मनमोहन सिंहको मैत्रीपूर्ण निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै २०६१ साल भदौ २३ गते भारततर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबारसम्बन्धी, रक्षा र परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्री श्री भरतमोहन अधिकारीले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय सूचना तथा सञ्चार मन्त्री डा. मोहम्मद मोहसिन, माननीय वन तथा भू-संरक्षण मन्त्री श्री बद्रीप्रसाद मण्डल, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री ईश्वर पोखरेल र माननीय जलस्रोत राज्यमन्त्री श्री ठाकुरप्रसाद शर्मा सम्माननीय प्रधानमन्त्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री शेरबहादुर देउवाका साथ नेपाली प्रतिनिधिमण्डलमा सम्मिलित भई गणतन्त्र भारततर्फ जानुभएकोले उहाँहरूका अनुपस्थितिमा उहाँहरूले सम्हाली आउनु भएको मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधान-मन्त्रीको सिफारिशमा देहायबमोजिम माननीय उप-प्रधानमन्त्री तथा मन्त्रीहरूले सम्हाल्नु हुनेछ ।

| | |
|---|---|
| १. सूचना तथा सञ्चार मन्त्रालयको कार्यभार | माननीय उप-प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारी । |
| २ वन तथा भू-संरक्षण मन्त्रालयको कार्यभार | माननीय उप-प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री भरतमोहन अधिकारी । |
| ३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार | माननीय स्वास्थ्य मन्त्री श्री अशोक कुमार राई । |
| ४. जलस्रोत मन्त्रालयको कार्यभार | माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री जोगमेहर श्रेष्ठ । |

हुकुम बक्सेबमोजिम,
मी. सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

#652